# जीतपुरसिमरा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

जीतपुर, बारा
मधेश प्रदेश, नेपाल

पत्र संख्याः- २०८१/०८२
चलानी नं.:- ६२६६

**विषयः- <u>नगर कार्यपालिकाको ४१ औं बैठकको निर्णयहरु सार्वजनिक गरिएको</u> ।**

जीतपुरसिमरा उपमहानगरपालिकाको नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७५ को नियम १० को उपनियम (५) बमोजिम मिति:२०८२/०२/२८ गते बुधवार दिनको २:०० बजे नगरपालिकाको सभाहलमा बसेको नगर कार्यपालिकाको ४१ औं बैठकबाट तपसिल बमोजिमका निर्णयहरु भएको हुँदा ऐ.ऐ. नियमावलीको नियम १७ को उपनियम (२) बमोजिम निर्णय सार्वजनिक गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

**<u>तपसिलः-</u>**

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ को उपदफा (२) को खण्ड (क) बमोजिमको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम र नेपालको संविधानको धारा २३० को उपधारा (१), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७१ को उपदफा (१), अन्तर सरकारी वीत्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ उपदफा (३) को व्यवस्था बमोजिमको आ.व. २०८२/०८३ को राजस्व र व्ययको अनुमान (बजेट) का विषयमा आवश्यक छलफल गरि निर्णयको लागि बयालिसौं कार्यपालिकाको बैठकमा पेश गर्ने ।

२. प्रतीक चिन्ह (लोगो) मूल्याङ्कन समितिको सिफारिस बमोजिम श्री यतिन्द्र किशोर लाभ (ना.प्र.प.नं. ३४१०२२/१५७९२) द्वारा निर्मित संलग्न प्रतीक चिन्ह (लोगो) स्वीकृति गर्ने । साथै प्रतीक चिन्ह (लोगो) डिजाईनकर्ता श्री यतिन्द्र किशोर लाभलाई प्रकाशित सूचना बमोजिमको पुरस्कार र प्रशंसापत्र प्रदान गर्ने ।

३. जीतपुरसिमरा उपमहानगरपालिकामा कार्यरत कर्मचारीहरुले सङ्घीय सरकारका निजामती कर्मचारीहरुलाई सङ्घीय सरकारले तोके बमोजिमको पोशाक नै प्रयोग गर्नुपर्ने ।

४. विधायन समितिबाट पेश हुन आएका जीतपुरसिमरा उपमहानगरपालिकाको नगरसभा सञ्चालन नियमावली, २०७५ को अनुसूची २ र ३ मा अभिलेख भएका बाह्रौं नगर सभामा पेश गर्नुपर्ने विधेयकहरु विषयगत समितिमा छलफल गरि निर्णयको लागि ४२ औं कार्यपालिकाको बैठकमा पेश गर्ने ।

**मितिः २०८२ जेष्ठ २९ गते, बिहिवार**

(भोज बहादुर खत्री)
नगर प्रवक्ता